२०७३ साल असोज २० गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को० कार्यालय— International Congress on Assessment Center Methods विषयक अन्तराष्ट्रिय सम्मेलनमा लोकसेवा आयोगका माननीय सदस्य श्री अशोक कुमार झालाई सहभागी हुन स्वीकृति दिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रहरी उपरीक्षक श्री इन्द्रबहादुर डाँगी क्षेत्रीलाई प्रहरी बरिष्ठ उपरीक्षक पदमा बढुवा गरी राष्ट्रिय सतर्कता केन्द्रमा पदस्थापना गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेतृत्व मूल्याङ्कन समितिमा सदस्यमा सबैभन्दा वरिष्ठतम सचिव, पूर्व सचिव श्री मधुरमण आचार्य र पूर्वसचिव श्री सुरेशमान श्रेष्ठलाई तोक्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कोर कार्यालय निर्वाचन क्षेत्र निर्धारणका सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी विधेयक व्यवस्थापिका-संसद समक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

५. आपूर्ति मन्त्रालय— बजार मूल्यको विश्लेषण गरी धान उत्पादक किसानहरुको हितलाई ध्यानमा राखी नेपाल खाद्य संस्थानले खरिद गर्ने ब्यबस्था मिलाउने । संस्थानले खरिद गरेको धान बिक्री गर्दा यथोचित सजगता अपनाउँदा अपनाउँदै पनि ऋणको ब्याजको कारणले मात्र नोक्सान पर्न गएमा यस्तो घाटा संस्थानले ब्यहोर्न नसक्ने भएमा नेपाल सरकारले ब्याज अनुदान उपलब्ध गराउने।

६. आपूर्ति मन्त्रालय— आतिथ्यता कार्यक्रम तथा समझदारीको स्मृतिपत्र स्वीकृति गर्ने ।

७. उद्योग मन्त्रालय— आर्थिक वर्ष २० ७३।०७४ को लागि विकास आयोजनाको अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

८. उद्योग मन्त्रालय— उद्योग मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड - २०७३ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

९. उद्योग मन्त्रालय— 50th Anniversary of United Nations Industrial Development Organization (UNIDO) मा उद्योग मन्त्रीले भाग लिने ।

१०. उद्योग मन्त्रालय— कम्पनी (पहिलो संशोधन) ऐन, २०७३ व्यवस्थापिका-संसद समक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

११. ऊर्जा मन्त्रालय— राजपत्रांकित पदहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

१२. ऊर्जा मन्त्रालय— विद्युत उत्पादन कम्पनी लिमिटेडको लगानी संरचना स्वीकृत गर्ने ।

१३. ऊर्जा मन्त्रालय— बुढीगण्डकी जलविद्युत आयोजनाको वातावरण , मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइ कार्यविधि, २०७३ स्वीकृत विषयको प्रस्ताव कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको राय लिई पुन पेश गर्ने ।

१४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय —संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी विधेयक व्यवस्थापिका—संसदमा पेश गर्ने स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— नेपाल कानून आयोगका पूर्व अध्यक्ष श्री उमेशचन्द्र झालाई रू. २,००,०००/- (दुई लाख रूपैया) आर्थिक सहायता उपलब्ध गराउने ।

१६. गृह मन्त्रालय— कञ्चनपुर जिल्ला कृष्णपुर गा.वि.स.वडा नं.१ की बिष्णु कुमारी पोखरेलको उपचारमा लागेको खर्च रकम रु.१० (दशलाख) उपलब्ध गराउने ।

१७. गृह मन्त्रालय— नयाँ दिल्लीमा हुने International conference on Voter Education For Inclusive, Informed and Ethical Participation विषयक Conference मा सहभागी हुने माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको भ्रमण कार्यक्रम स्वीकृत गर्ने ।

१८. गृह मन्त्रालय— बडा दशैं, २०७३ को उपलक्ष्यमा असल चालचलन भई कैदको सजाय छोट्याउन योग्य देखिएका १०४ (एक सय चार) जना कैदीहरुलाई कारागारबाट बाँकी कैद सजाय माफी गर्न नेपालको संविधानको धारा २७६ बमोजिम सम्माननीय राष्ट्रपति समक्ष सिफारिश गर्ने ।

१९. गृह मन्त्रालय— देहायका व्यक्तिहरुलाई निम्नानुसार आर्थिक सहायता उपलब्ध गराउने ।

१.	मोसाफिर दास तत्मा, कचोर्वा - ६ बारा जिल्ला	रु.३ लाख
२.	सन्जु देवी, कचोर्वा - ६ बारा जिल्ला	रु.२ लाख
३.	मुगु वीरजंग शाही, धनकोट - ५ मुगु जिल्ला	रु.२ लाख

२०. गृह मन्त्रालय— देहायका विदेशी नागरिकहरुलाई पुनः नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृती दिने ।

सि.नं.	नाम थर	देश	कसुर/अभियोग	निष्काशन गरिने अवधि
१.	MD Sabbir Ahmed Choudhury	बंगलादेश	दूरसंचार हानी नोक्सानी	३ वर्ष
२.	Shahid Khan	बंगलादेश	सुन चोरी पैठारी	२ वर्ष
३.	Juis Alberto Escobar Vega	पेरु	चोरी	३ वर्ष
४.	Javier Francisco Paredes Seminario	पेरु	चोरी	३ वर्ष
५.	Liu Jingyi	चीन	लागु औषध	१० वर्ष
६.	Alipio Ortiz Pena	पेरु	चोरी	३ वर्ष
७.	Noam Inbar	ईजरायल	लागु औषध	१० वर्ष
८.	Shoaib Muhammad	पाकिस्तानी	Over Stay	१ वर्ष
९.	Robert Puch	अष्ट्रिया	लागु औषध	१० वर्ष

२१. गृह मन्त्रालय— २०७३ साल बैशाख १ गते देखि २०७३ आश्वीन १८ गते सम्म विभिन्न जिल्लामा आएको बाढी पहिरोबाट पूर्ण रूपमा धर क्षति भएका र अन्यत्र बसोबास गर्न आफ्नै घर नभएका भनि जिल्ला दैवी प्रकोप उद्धार समितिबाट यकिन भएका पिडित परिवारहरुको लागि मात्र थप राहत स्वरुप रु १५०००।- सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिहरु

मार्फत उपलब्ध गराउने ।

२२. परराष्ट्र मन्त्रालय — शियाली सम्वाद समूह (ACD) को दोस्रो शिखर सम्मेलन तथा ACD को परराष्ट्रमन्त्रीस्तरीय बैठकमा मा. परराष्ट्रमन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाउने।

२३. परराष्ट्र मन्त्रालय — सम्माननीय प्रधानमन्त्रीको नेतृत्वमा BRICS-BIMSTEC Leaders' Outreach Summit मा भाग लिन जाने नेपाली प्रतिनिधिमण्डलको गठन गर्ने ।

२४. पशुपन्छी विकास मन्त्रालय— वर्ड फ्लु रोग फैलिएका मुलुकहरुबाट पन्छी , पन्छीजन्य पदार्थ तथा उत्पादन सामाग्रीहरु पैठारीमा प्रतिवन्ध लगाउने ।

२५. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय युवा परिषद्को उपाध्यक्षको पारिश्रमिक हालको खाइपाई आएकोबाट २५ प्रतिशत वृद्धि गरी मासिक पारिश्रमिक रु. ५६४४०।- कायम हुनेगरी तोक्ने ।

२६. रक्षा मन्त्रालय— महा सेनानी कृष्णमुरारी न्यौपानेसमेतको पदावधि थप गर्ने ।

२७. रक्षा मन्त्रालय— महा सेनानी प्रमोद कार्कीलाई सहायक रथी दर्जामा मानार्थ बढुवा गर्ने ।

२८. रक्षा मन्त्रालय— नेपाली सेनाको कमाण्डो गणमा खटिएका कमाण्डोहरुलाई भत्ता उपलब्ध गराउने ।

२९. वन तथा भू-संरक्षण मन्त्रालय — सशस्त्र वन रक्षकको रिक्त पदमा स्थायी पदपूर्तिको प्रकृया सम्पन्न नभएसम्मका लागि प्रतिस्पर्धाद्वारा करारमा लिने ।

३०. वाणिज्य मन्त्रालय— बंगलादेशको राजधानी ढाकामा आयोजना हुने Ninth South Asia Economic Summit मा माननीय वाणिज्य मन्त्रीज्यूले भाग लिने ।

३१. वाणिज्य मन्त्रालय— भारतको नयाँ दिल्लीमा आयोजना हुने BIMSTEC Business Summit मा माननीय वाणिज्य मन्त्रीले भाग लिने ।

३२. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— The Raphael Lemkin Seminar for Genocide Prevention कार्यक्रममा सत्य निरुपण तथा मेलमिलाप आयोगका सदस्य श्री श्रीकृष्ण सुवेदी नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी सहभागी हुन स्वीकृति दिने ।

३३. शिक्षा मन्त्रालय— अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद् सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३४. श्रम तथा रोजगार मन्त्रालय — नेपालबाट अफगानिस्तानमा काम गर्न जान चाहने नेपाली कामदारहरुलाई तुलनात्मक रुपमा सुरक्षाको दृष्टिकोणबाट राम्रो प्रबन्ध भएका क्षेत्र (ग्रीन जोनमा) तोकिए बमोजिमका शर्त पुरा भएकालाई श्रम स्वीकृति प्रदान गर्ने।

३५. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— मन्त्रालय अन्तर्गत आयोजना र कार्यक्रमहरुका लागि अधिकृतस्तरका अस्थायी दरवन्दी सिर्जना गर्ने ।

३६. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय — स्थानीय तहको पुनर्संरचना कार्यमा राजनीतिक दलहरुसमेतका प्रमुख सरोकावालाहरुबीचमा स्वीकार्यता अभिबृद्धि गरी यथासक्य छिटो स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने कार्यको सुनिश्चितता गर्न आवश्यक परेकोले गाउँपालिका , नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगलाई नेपाल सरकारले मिति २०७२।१२।१ मा दिएको मापदण्डको बुँदा नम्वर ११ मा रहेको व्यवस्था समेतको आधारमा सो आयोगलाई मन्त्रिपरिषदको मिति २०७३।६।११ को निर्णयबाट दिइएको मापदण्ड सम्बन्धी थप

निर्देशनमा परिमार्जन गरी सोको सट्टा देहाय बमोजिमको थप मापदण्ड उपलब्ध गराउनेः–

१. गाउँपालिका, नगरपालिका तथा विशेष , संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण गर्दा आयोगले साविकमा जिल्लामा कायम रहेका इलाकालाई समेत मुख्य आधार लिने,

२. एक भन्दा बढी इलाका समेटी वा कुनै एक इलाकाको पूरै वा आंशिक क्षेत्र समावेश गरी कुनै नगरपालिका गठन भइसकेको भए त्यस्तो नगरपालिकालाई उपयुक्तताका आधारमा कायम राख्न वा क्षेत्र थपघट गर्न सकिने,

३. जनसंख्या तथा क्षेत्रफल समेतको आधारमा एक भन्दा बढी इलाका वा इलाकाको क्षेत्र समाबेश गरी स्थानीय तहको पुनःसंरचना गर्न सकिने,

४. मन्त्रिपरिषदले मिति २०७२ चैत्र १ गते आयोगलाई उपलब्ध गराएको मापदण्डको बुँदा नं. ९ लाई समेत ध्यान दिने । विशेष,संरक्षित वा स्वायत्त क्षेत्रको पहिचान गर्दा आयोगलाई यसअघि उपलब्ध गराइएको मापदण्डमा आधारित रही उपयुक्तताको आधारमा कुनै गाउँपालिका वा नगरपालिकाको सिंगो क्षेत्र वा कुनै वडा वा वडाहरुलाई समेत पहिचान गरी प्रस्ताव गर्न सक्ने,

५. भौगोलिक विकटताका कारण ठूलो क्षेत्रफल हुन गई सेवा सुविधा पु ऱ्याउन कठीन हुने क्षेत्रको हकमा गाउँपालिका तथा नगरपालिकाको क्षेत्रफल कम कायम गर्न ध्यान दिने ।

३७. सामान्य प्रशासन मन्त्रालय— विभिन्न निकायमा पद सृजना र दरवन्दी मिलान विषयको प्रस्ताव मन्त्रिपरिषद्,प्रशासन समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३८. सामान्य प्रशासन मन्त्रालय — भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गतको संगठन संरचना र दरवन्दी तेरिज स्वीकृति गर्ने ।

३९. सामान्य प्रशासन मन्त्रालय — नेपाल प्रशासन सेवा, राजपत्रांकित प्रथम श्रेणीका श्री माधव प्रसाद गड्तौला लगायतका राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिवहरुलाई सरुवा गर्ने ।

४०. सूचना तथा सञ्चार मन्त्रालय — राष्ट्रिय सूचना आयोगका सूचना आयुक्तद्वय किरण कुमार पोखरेल र यशोदादेवी तिम्सिना तथा सचिव शरदराज विष्टलाई मिति थाईल्याण्डको बैंककमा आयोजना हुने Regional Workshop on Action Planning for Open Government Data for Sustainable Development in Asia मा भाग लिन स्वीकृति दिने ।

४१. सूचना तथा सञ्चार मन्त्रालय — माननीय सूचना तथा सञ्चार मन्त्री सुरेन्द्र कुमार कार्की र रेडियो नेपालका रामचन्द्र वस्नेतलाई बंगलादेशको ढाकामा सञ्चालन हुने Digital World 2016 मा भाग लिन स्वीकृति प्रदान गर्ने ।

४२. सूचना तथा सञ्चार मन्त्रालय— सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ संसोधन गर्ने

४३. सूचना तथा सञ्चार मन्त्रालय—प्रचलित कानुनले नेपाल सरकारबाट नियुक्ति वा मनोनयन हुने वा तोकिने पदहरू मध्ये पूर्णकालीन , राजनीतिक र कार्यकारी पदहरू बाहेक अन्य पदहरूमा आफ्नो कार्यक्षेत्र भित्रको नियमानुसार तोक्ने वा नियुक्ति वा मनोनयन सम्बन्धित मन्त्रालयवाटै हुने गरी सबै मन्त्रालयलाई अधिकार प्रत्यायोजन समेत गर्ने ।

४४. स्वास्थ्य मन्त्रालय— चीनको संघाईमा 9th Global Conference on Health Promotion विषयक कार्यक्रम

भाग लिन मा. गगनकुमार थापालाई पठाउने ।

४५. स्वास्थ्य मन्त्रालय— नेपाल सरकार स्वास्थ्य मन्त्रालय, द ग्लोबल फण्ड र सेभ द चिल्ड्रेन इन्टरनेशनल बीच त्रिपक्षीय सम्झौता नविकरण गर्न स्वास्थ्य मन्त्रालयलाई सहमति प्रदान गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७३ साल असोज १३ गतेबिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठको निर्णयहरुः

१. अर्थ मन्त्रालय— अर्थ मन्त्रालयको प्रमुख आर्थिक सल्लाहकारमा नारायण नगरपालिका-३, दैलेखका प्रा.डा. पुण्य प्रसाद रेग्मीलाई करारमा नियुक्ति गर्ने ।

२. अर्थ मन्त्रालय— अर्थ सम्बन्धी विधेयकहरू व्यवस्थापिका-संसदमा पेश गर्ने ।

३. उद्योग मन्त्रालय — नेपाल गुणस्तर परिषदले निर्धारण गरेको एल.पी.जी. वोटलिङ् प्रक्रियाको गुणस्तर (Standard for LPG Bottling Operation) (नेपाल गुणस्तर-५३३:२०७०) नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ को दफा १० को उपदफा (१) वमोजिम अनिवार्य रुपले अपनाउनुपर्ने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सूचना प्रकाशन भएको मितिले ३ (तीन) महिना पुगेको मिति देखि लागु हुने गरी तोक्ने ।

४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको सर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को दफा ५घ. बमोजिम सम्माननीय प्रधानन्यायाधीश र सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री गोबिन्द कुमार उपाध्यायलाई नेता भत्ता वापतको रकम सर्वोच्च अदालत मार्फत उपलब्ध गराउने ।

५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — न्यायाधिकरण र विशेष अदालतको अध्यक्ष तथा सदस्य तोक्ने ।

६. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— जात्रा पर्वमा खटिने महानेहरुको साविकको मासिक पारिश्रमिकमा रु.५००/- का दरले वृद्धि गरी महाने नाइके, पुजारी नाइके र महानेको मासिक पारिश्रमिक क्रमशः रु.२३००/-, रु.१५००/- र रु.१३००/- कायम गर्ने ।

७. रक्षा मन्त्रालय—प्रमुख सेनानी हरेन्द्र कुमार सिंहलाई महा सेनानी दर्जामा मानार्थ बढुवा गर्ने ।

८. रक्षा मन्त्रालय— माननीय रक्षामन्त्री श्री बालकृष्ण खाणको नेतृत्वमा मित्रराष्ट जनवादी गणतन्त्र चीन जाने प्रतिनिधि मण्डललाई भ्रमण स्वीकृति दिने ।

९. वन तथा भूसंरक्षण मन्त्रालय — कोहलपुर साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको नयाँ संरचना निर्माण एवं सन्चालनका लागि बाँके राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रको जग्गाप्रयोग गर्न स्वीकृति दिने ।

१०. वन तथा भूसंरक्षण मन्त्रालय — मेलम्ची खानेपानी आयोजनाको भेन्टिलेसन साफ्ट निर्माणका लागि शिवपुरी नागार्जुन राष्ट्रिय निकुन्जभित्रको जग्गा प्रयोग गर्न र रुखविरुवाहरु हटाउन स्वीकृति दिने ।

११. शान्ति तथा पुनर्निर्माण मन्त्रालय — जनआन्दोलन २०६२/०६३ को क्रममा घाइते भएका ढालबहादुर बस्नेत र रमेशकुमार राईलाई १०० प्रतिशत र राम विलास राय यादवलाई २० प्रतिशत अपाङ्गता/अशक्तता भएकाले पाएसरहको आर्थिक सहायता र सुविधा उपलब्ध गराउन स्वीकृति दिने।

१२. शिक्षा मन्त्रालय— खुला विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका कार्यकारी निर्देशक डा. रामजीवन यादवले दिनु भएको राजिनामा गरी स्वीकृत गर्ने, खुला विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन आदेश), २०६९ लाई मिति २०७३।०७।०१ देखि लागू हुने गरी खारेज गर्ने र उक्त समिति खारेज भएपश्चात् समितिमा कार्यरत अस्थायी कर्मचारीहरूलाई अवकास दिने गरी सो समितिको चल अचल सम्पत्तिको जिम्मा र कार्यरत कर्मचारीहरुको व्यवस्थापन शिक्षा मन्त्रालयले गर्ने ।

१३. शिक्षा मन्त्रालय — विश्वविद्यालय अनुदान आयोगको सचिवालयको रिक्त सचिव पदमा प्रा.डा.देवराज

अधिकारीलाई नियुक्ति गर्ने र सदस्य पदमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. तीर्थराज खनिया र कृषि तथा बन विज्ञान विश्वविद्यालयका उपकुलपति डा. इश्वरीप्रसाद ढकाललाई मनोनयन गर्ने ।

१४. संस्कृति, पर्यटन तथा नागरिक उड्डकयन मन्त्रालय— नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ स्वीकृत विषयको प्रस्ताव मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१५. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— जर्मनीको बोनमा आयोजना हुने कार्यक्रममा माननीय मन्त्रीको नेतृत्वमा सहभागी हुने ।

१६. सहरी विकास मन्त्रालय— सहरी विकास मन्त्रालय अन्तर्गतको कार्यक्रम तथा आयोजना सञ्चामलनको निम्ति आ.व. ०७३।७४ को लागि राजपत्रांकित पदका १५२ अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

१७. सहरी विकास मन्त्रालय— इक्वेडरको क्वीटोमा आयोजना हुने तेस्रो विश्व बसोबास तथा दिगो शहरी विकास सम्मेलन HABITAT-III मा मन्त्रीले भाग लिने ।

१८. सामान्य प्रशासन मन्त्रालय — सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतका ८७ वटा नगरपालिकाहरूको प्रस्तावित सङ्गठन संरचना र दरवन्दी तेरिज स्वीकृति गर्ने ।

१९. सूचना तथा सञ्चापर मन्त्रालय— प्रेस काउन्सिलको सदस्य पदमा किशोर श्रेष्ठलाई मनोनीत गर्ने ।

२०. स्वास्थ्य मन्त्रालय— नेपाल स्वास्थ्य सेवा एघारौं तह (प्रा.) प्रमुख जनस्वास्थ्य प्रशासक/निर्देशक पदमा रमेशप्रसाद अधिकारीलाई नियुक्ति गर्ने ।

२१. स्वास्थ्य मन्त्रालय— हालको चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठानको नाम संशोधन गरी "मनमोहन स्मृति चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान" राख्नका लागि चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ मा संशोधन गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

२२. स्वास्थ्य मन्त्रालय— मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक, २०७२ फिर्ता लिने ।

२३. सम्माननीय उपराष्ट्रपतिको नियमित स्वास्थ्य परीक्षणका लागि ललितपुर लामाटार निवासी मुटुरोग विशेषज्ञ डा. शिवजी विक्रम सिलवाललाई निजी चिकित्सक तोक्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७३ साल असोज ११ गतेमङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठको निर्णयहरुः

१. अर्थ मन्त्रालय— कार्यवाहक महालेखापरीक्षक श्री सुकदेव खत्री लगायतको प्रतिनिधिमण्डललाई इन्टोसाई र एसोसाईको बैठकमा सहभागी हुन स्वीकृति दिने।

२. गृह मन्त्रालय— उच्चस्तरीय छानवीन आयोगको नाम उच्चस्तरीय जाँचबुझ आयोग गर्ने ।

३. गृह मन्त्रालय— सडक सुरक्षा, सवारी साधन र यातायात व्यवस्थापनलाई प्रभावकारी र व्यवस्थित वनाई यात्री आवागमनलाई सुरक्षित एवं सुविधायुक्त वनाउन आवश्यक प्रवन्ध गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिने गरी छानवीन समिति गठन गर्ने ।

४. वन तथा भू-संरक्षण मन्त्रालय — माननीव वन तथा भू-संरक्षण मन्त्री श्री शंकर भण्डारीलाई जैविक विविधता महासन्धिको उच्चस्तरीय बैठकमा भाग लिन स्वीकृति दिने।

५. वाणिज्य मन्त्रालय — इटालीको रोममा आयोजना हुने Fourth Ministerial Meeting on agricultural commodity markets and prices मा वाणिज्य मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने।

६. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय — गाउँपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगलाई मापदण्ड सम्बन्धी थप निर्देशन दिने ।

७. सिंचाइ मन्त्रालय— माननीय सिंचाइमन्त्रीलाई अध्ययन भ्रमणमा जान स्वीकृति दिने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७३ साल असोज ६ गतेबिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठको निर्णयहरु:

१. संयुक्त राष्ट्र संघ महासभाको ७१ औं नियमित अधिवेशनमा भाग लिन नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदी मिति २०७३/६/३ देखि न्यूर्योक प्रस्थान गर्नुभएकोले उहाँ फर्की कार्यालयमा हाजिर नभएसम्म प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव टंकमणि शर्मालाई कायम मुकायम मुकरर गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– प्रहरी अधिकृतको विभागीय कारवाही उपरको पुनरावेदनको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश भएको सम्बन्धमा पुनरावेदक बालकृष्ण थापालाई प्रहरी नियमावली, २०७१ को नियम ११३(२) को खण्ड (ख) अनुसार भ्रष्टाचार गरेको प्रमाणित भएको भन्ने आधारमा प्रहरी नियमावली, २०७१ को नियम १०९ को खण्ड (ख)(२) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउने गरी मिति २०७२।१०।२९ मा गृह सचिवबाट भएको निर्णय कानून विपरित नदेखिई मिलेकै हुँदा सो निर्णय बदर वा उल्टी गर्नुपर्ने कुनै आधार र कारण नरहेको ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रहरी अधिकृतको विभागीय कारवाही उपरको पुनरावेदनको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश भएको सम्बन्धमा पुनरावेदक प्र.नि.किरण के.सी.लाई प्रहरी नियमावली, २०७१ को नियम ११३ को उपनियम (१) को अध्याय (च) को कसूरमा ऐ नियम १०९ को खण्ड (ख) (१) बमोजिम "भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने" गरी मिति २०७२।१०।२६ मा भएको निर्णय कानून विपरित नदेखिई मिलेकै हुँदा सो निर्णय बदर वा उल्टी गर्नुपर्ने कुनै आधार र कारण

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सशस्त्र प्रहरी सेवा आयोगको सदस्यमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मन्त्रिपरिषद् बैठक हेर्ने सचिवलाई तोक्ने ।

५. अर्थ मन्त्रालय— आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि (पहिलो संशोधन), २०७३ स्वीकृति गर्ने ।

६. अर्थ मन्त्रालय— मित्रराष्ट्र जनवादी गणतन्त्र चीन सरकारको सहायतामा सञ्चालन हुने आयोजनालाई कर छुट प्रदान गर्ने ।

७. अर्थ मन्त्रालय— Strengthening Systems for Social Protection and Civil Registration Project को लागि विश्व बैकबाट ऋण सहायता प्राप्त गर्ने सम्बन्धी सम्झौता वार्ता गर्नका लागि वार्ता टोली गठन गरी यस्तै प्रकृतिका अन्य आयोजनासँग समन्वय गरी वार्ता गर्ने अख्तियारी दिने ।

८. अर्थ मन्त्रालय— भन्सार विभाग अन्तर्गतको आयोजना व्यवस्थापन कार्यालयका लागि मौजुदा दरबन्दीबाट पूर्ति गर्नेगरी चालु आर्थिक वर्ष २०७३/७४ मा आवश्यक पर्ने अस्थायी दरबन्दी स्वीकृति गर्ने ।

९. अर्थ मन्त्रालय— लेखामान बोर्डले International Financial Reporting Standards (IFRS) Foundation लाई Copyright Fee वापत वार्षिक रूपमा भुक्तानी गर्नुपर्ने ५,२५० स्टर्लिंग पाउण्ड बराबरको रकम महालेखा नियन्त्रक कार्यालय मार्फत लेखामान बोर्डलाई निकासा दिने ।

१०. अर्थ मन्त्रालय—विश्व बैंकको दक्षिण पूर्वी एशिया समूहका कार्यकारी निर्देशकको कार्यालयमा सल्लाहकार मनोनयन गर्ने ।

११. अर्थ मन्त्रालय— Millennium Challenge Coporation को सहयोगमा संचालन हुने कम्प्याक्ट कार्यक्रम तयार गर्ने कार्यको लागि गठन भएको विज्ञ समूहको राष्ट्रिय संयोजक नियुक्त गर्ने ।

१२. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— हालका पुनरावेदन सरकारी वकील कार्यालयलाई उच्च सरकारी वकील कार्यालयको रुपमा रुपान्तरण गर्ने र ओखलढुंगा तथा वीरगंजमा उच्च सरकारी वकील कार्यालय स्थापना गर्ने ।

१३. कृषि विकास मन्त्रालय— कृषि विकास मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ (रा.प.द्वि.प्रा.) डा. प्रद्युम्नराज पाण्डेलाई Senior Program Specialist पदमा काम गर्नका लागि काजमा खटाउने ।

१४. कृषि विकास मन्त्रालय — "Long-term Commodity Price Trends and Sustainable Agriculture Development" विषयक चौथो मन्त्रीस्तरीय बैठक मा भाग लिन कृषि विकास मन्त्रीको नेतृत्वमाको २ सदस्यीय प्रतिनिधिमण्डललाई स्वीकृति दिने ।

१५. कृषि विकास मन्त्रालय— "Global Saemaul Leadership forum (GILF) 2016" विषयक कार्यक्रममा भाग लिन कृषि विकास मन्त्रीको नेतृत्वको २ सदस्यीय प्रतिनिधिमण्डललाई स्वीकृति दिने ।
Global Saemaul Leadership forum 2016 मा कृषि विकास मन्त्रीको सहभागिता

१६. गृह मन्त्रालय— स.प्र.अ.म.नि. कृष्णकुमार तामाङ्गसमेतका सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरूको सरूवा तथा पदस्थापन गर्ने ।

१७. गृह मन्त्रालय— राष्ट्रिय अनुसन्धान विभागका सह अनुसन्धान निर्देशक लक्ष्मण गुरुङ्ग र रामबहादुर कार्कीलाई अनुसन्धान निर्देशक पदमा बढुवा गर्ने ।

१८. गृह मन्त्रालय— देहायका सात अस्पताल र दुई फार्मेसीहरुलाई घाईतेहरुको उपचार गर्दा लागेको वील बमोजिमको देहायको रकम भुक्तानी गर्ने ।

क्र.सं.	अस्पताल र ठेगाना	रकम
१.	युनिभर्सल कलेज अफ मेडिकल साइन्स शिक्षण अस्पताल, भैरहवा	रु.१५,८६,३९८।-
२.	काठमाण्डौ मेडिकल कलेज पब्लिक लिमिटेड, काठमाण्डौ	रु.१,७३,८९०।-
३.	सुषमा कोइराला मेमोरियल अस्पताल, काठमाण्डौ	रु.४,८९,७२०।-
४.	गोल्डेन हस्पिटल प्रा.लि. विराटनगर	रु.१५,७३,४५२।-
५.	वी.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान	रु.३९,५६,३५३।-
६.	शिक्षण अस्पताल महारागंज, काठमाण्डौ (श्रवण झाको समेत)	रु.१०,८३,०१८।-
७.	जनकपुर अञ्चल अस्पताल विकास समिति, जनकपुर	रु.७,७३,३००।-
८.	हनुमान फर्मा, काठमाण्डौ	रु.८६,३२४।-
९.	आरफ फार्मेसी, काठमाण्डौ	रु.८,६७,३०७ ।-
	जम्मा	रु.१,०५,८९,७६२।-

१९. गृह मन्त्रालय— देहायका ३२ जना व्यक्तिहरुलाई देहाय बमोजिमको रकम उपचार खर्चका लागि आर्थिक सहायता उपलब्ध गराउने ।

क्र.सं.	नाम थर, ठेगाना	रकम
१.	श्रवण झा, सप्तरी,	रु.४,२८,६६७।-
२.	भागेन्द्र साह तेली, महोत्तरी,	रु.६,२९,७९४ ।-
३.	रामप्रवेश साह ,तेली -रौतहट,	रु.१,१५,०००।-

४.	रामनाथ यादव, सर्लाही,	रु.५८,८२२ ।-
५.	सुरेश कुमार साह ,रौतहट,	रु.९०,००० ।-
६.	इन्द्रराज सिंह, महोत्तरी,	रु.७२,०००।-
७.	रुपेश पासवान, सर्लाही,	रु.१,४१,५९७।-
८.	शेख कमरुला, रौतहट	रु.१,१४,५६८।-
९.	दुर्गेश यादव, रुपन्देही	रु.४०,६६३।-
१०.	ममता बनिया, बाँके	रु.३२,४५५।-
११.	अजय कुमार,श्रीवास्तव	रु.५६,२९२ ।-
१२.	मा.जंगीलाल राय,सर्लाही	रु.८२,४०० ।-
१३.	सुरेश प्रसाद साह, सर्लाही	रु.५६,०९१ ।-
१४.	अरविन्द्र कुमार यादव, सर्लाही	रु.५०,४७३ ।-
१५.	सिकिन्द्र राम, सर्लाही	रु.५१,४७०।-
१६.	सिवल पासवान, सर्लाही	रु.५९,०५७।-
१७.	रामनोहर दास, सर्लाही	रु.४५,७१५।-
१८.	सुनिल सिंह, सर्लाही	रु.८५,३०४।-
१९.	मनोज महतो, सर्लाही	रु.४७,८४९।-
२०.	रामशरण साह, सर्लाही	रु.४८,१३१।-
२१.	जगदेव रावत, सर्लाही	रु.६४,९३२।-
२२.	रामदेव रावत, सर्लाही	रु.४८,६७३।-
२३.	जयलाल राय, सर्लाही	रु.१,०८,८१४।-
२४.	गुडु कुमार यादव, सर्लाही	रु.१,५३,४७२।-
२५.	मनोहर यादव, सर्लाही	रु.१,१७,६१७।-
२६.	नागेन्द्र ठाकुर , सर्लाही	रु.८८,३१६।-
२७	पप्पु कुमार , सर्लाही	रु.६४,६१४।-
२८	अभिशेक कुमार, सर्लाही	रु.१९,०११।-
२९	राजेश कुमार , सर्लाही	रु.२०,६८९।-
३०	सूर्यनारायण ठाकुर, सर्लाही	रु.३७,६७३।-
३१	रामनारायण पासवान, सर्लाही	रु.५८,२६०।-
३२	लक्ष्मी देवी सिंह , सर्लाही	रु.४५,६८०।-
	जम्मा	रु.३१,३४,१००।-

२०. गृह मन्त्रालय— मतदाता नामावली सम्बन्धी विधेयकलाई व्यवस्थापिका-संसद समक्ष पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने

२१. गृह मन्त्रालय— निवार्चन आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई व्यवस्थापिका-संसद समक्ष पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् , विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने

२२. गृह मन्त्रालय— राजनीतिक दल सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई व्यवस्थापिका-संसद समक्ष पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् , विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति गठन (पहिलो संशोधन) आदेश, २०७३ स्वीकृत गर्ने ।

२४. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— होङ्गसी शिवम सिमेन्ट प्रा.लि. लाई हदवन्दी भन्दा बढी जग्गा खरिद गर्न स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

२५. भौतिक पूर्वाधार तथा यातायत मन्त्रालय— वोलिभियाको शान्ताक्रुज शहरमा हुने भूपरिवेष्टित मुलुकहरुको दिगो यातायात सम्बन्धी उच्च स्तरिय बैठक (High Level Meeting on Sustainable Transport of Landlocked Developing Countries (LLDCs) मा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रमेश लेखकले भाग लिने ।

२६. महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय— राष्ट्रिय महिला आयोगको काम कर्तव्य र अधिकार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक व्यवस्थापिका संसदमा पेश विषयक प्रस्ताव मन्त्रिपरिषद्विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२७. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय— राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयन गर्नका लागि थप २ जना राजपत्रांकित तृतीय श्रेणीका महिला बिकास अधिकृतको अस्थायी दरबन्दी स्वीकृत गर्ने |

२८. युवा तथा खेलकुद मन्त्रालय— अल्ट्रा म्याराथुन खेलाडी श्री मीरा राईलाई रु.५ लाख आर्थिक सहायता उपलब्ध गराउने ।

२९. वन तथा भूसंरक्षण मन्त्रालय— तल्लो खारेखोला साना जलविद्युत आयोजनाको निर्माण तथा संचालनका लागि गौरीशंकर संरक्षण क्षेत्र अन्तर्गतको सरकारी वनक्षेत्रको जग्गा प्रयोग गर्न र रुख विरुवाहरु हटाउन स्वीकृति दिने ।

३०. वन तथा भूसंरक्षण मन्त्रालय— वागबजार-बगरकोट सडक आयोजनाको स्तरोन्नति गर्ने कार्यका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न र रुख बिरुवाहरु हटाउन स्वीकृति दिने ।

३१. संस्कृति, पर्यटन तथा नागरिक उड्डगयन मन्त्रालय— Fourth Meeting of the SAARC Tourism Minister's Preceded by the Senior officials Meeting मा सहभागिताका लागि माननीय सँस्कृति , पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री जीवन बहादुर शाहीको नेतृत्वको दुई सदस्यीय प्रतिनिधिमण्डललाई स्वीकृति दिने।

३२. सङ्घीनय मामिला तथा स्थानीय विकास मन्त्रालय— सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको आवधिक प्रतिवेदन विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३३. सङ्घीमय मामिला तथा स्थानीय विकास मन्त्रालय— निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७३ स्वीकृत गर्ने ।

३४. सङ्घीवय मामिला तथा स्थानीय विकास मन्त्रालय— निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (छैठौं संशोधन) नियमावली, २०७३ स्वीकृत गर्ने ।

३५. सङ्घीैय मामिला तथा स्थानीय विकास मन्त्रालय— संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

अन्तर्गत सञ्चालित विभिन्न आयोजना/परियोजना/इकाई/समिति तथा कार्यक्रमहरुको आ.व. २०७३।०७४ का लागि अधिकृतस्तरको जम्मा ३१८ (तीनसय अठार) अस्थायी दरवन्दी सिर्जना गर्ने।

३६. सामान्य प्रशासन मन्त्रालय— यातायात व्यवस्था विभाग र अन्तर्गतका कार्यालयहरूको प्रस्तावित सङ्गठन संरचना र दरवन्दी तेरिज स्वीकृति गर्ने ।

३७. सामान्य प्रशासन मन्त्रालय — शंकर बहादुर थापा समेत ३६ जना राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिवहरूको सरूवा गर्ने ।

३८. सूचना तथा सञ्चार मन्त्रालय— अतिरिक्त हुलाकका कर्मचारीहरूको तलब बृद्धि गर्ने ।

३९. सूचना तथा सञ्चार मन्त्रालय — 2016 Global ICT Leadership Forum मा भाग लिन मा. मन्त्रीलाई स्वीकृति दिने ।

४०. सूचना तथा सञ्चार मन्त्रालय — नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशक पदमा कामिनी राजभण्डारी नियुक्ति गर्ने ।

४१. स्वास्थ्य मन्त्रालय— सूर्तिजन्य पदार्थको नियन्त्रण र नियमन गर्न सबै जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीलाई निरीक्षक तोक्ने र कुनै जिल्लामा दुई वा सो भन्दा बढी सहायक प्रमुख जिल्ला अधिकारी रहेको भए सोही जिल्लाको प्रमुख जिल्ला अधिकारीले निरीक्षक तोक्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।